मुगुम कार्मारोङ गाउँपालिकाद्वारा प्रकाशित

# मुगुम कार्मारोङ राजपत्र

**खण्ड : ५, संख्या : १, मिति : २०७७/११/९**

**भाग – १**

## गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन ऐन-२०७८

**गाउँकार्यपालिकाबाट पारित मिति : २०७८/३/१०**
**प्रमाणिकरण मिति : २०७८/३/११**

**प्रस्तावना**

कर्मचारी समायेजन ऐन २०७५ अनुसार अन्य सेवावाट यस गाउँपालिकामा समायोजन ऐन २०७५ को दफा ६ उपदफा ४ अनुसार समायोजन गरीएका कर्मचारीहरुलाई समायोजन ऐन २०७५ को दफा ७ को उपदफा ४ समेतलाई आधार मानी अन्य सेवाका कर्मचारीहरुको समायोजन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले आठौ गाउँसभावाट यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “मुगुम कार्मारोङ्ग गाउँपालिका कर्मचारी समायोजन ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) “ऐन” भन्नालेः मुगुम कार्मारोङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन ऐन, २०७८ लाई सम्झनु पर्छ ।

(ख) कर्मचारी भन्नालेः तत्कालिन स्थानिय निकायको रुपमा रहेको मुगुम कार्मारोङ्ग गाउँपालिकाको स्वीकृत दरबन्दीमा वा अन्य स्थानीय निकाय (तत्कालिन जिल्ला विकास समिति, नगरपालिका वा गा वि स) बाट कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ को उपदफा ४ बमोजिम समायोजन भई मुगुम कार्मारोङ्ग गाउँपालिकामा साविकको पदमा समायोजन गरिएका यो ऐन जारी हुदाँका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झानु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले मुगुम कार्मारोङ्ग गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(ङ) “गाउँ सभा” भन्नाले मुगुम कार्मारोङ्ग गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) “स्थानीय सेवा” भन्नाले मुगुम कार्मारोङ्ग गाउँपालिकामा रहेको कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) “गाउँपालिका” भन्नाले मुगुम कार्मारोङ्ग गाउँपालिकालाई सम्झनु पर्छ ।

(झ) “स्थानीय कानुन” भन्नाले मुगुम कार्मारोङ्ग गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## समायोजन सम्वन्धि व्यवस्था

**३. स्थानीय सेवाका कर्मचारी समायोजन गर्ने :**

(१) साविकको स्थानीय निकायको रुपमा गाउँपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा (जि वि स तथा नगरपालिका) नियुक्ति भई समायोजन ऐन बमोजिम समायोजन हुन नसकेका यो ऐन जारी हँदाका वखत गाउँपालिकामा कार्यरत गाउँ सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँ सेवाका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुनेछ :

| क.स | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर द्धितिय | सहायकस्तर तृतिय | कनिष्ठ सहायक | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाचौं | वरिष्ठ सहायक | |
| ४. | सहायकस्तर पाचौं | अधिकृतस्तर छैटौ | अधिकृत | |
| ५. | अधिकृतस्तर छैटौ | अृधिकृस्तर सातौ | वरिष्ठ अधिकृत | |

(३) उपदफा(२) वमोजिमको पदनाम उल्लेख गर्दा प्रचलित सेवा समुह अनुसार का पदनाम दिन वाधा पर्ने छैन ।

(४) सहायकस्तर पहिलो तहका विभिन्न पदम कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर बढी हुने छ ।

(५) उपदफा(१) वमोजिम सहायकस्तर पाँचौबाट अधिकृतस्तर छैटौ तहमा समायोजन हुन छैटौ तहमा बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता हासिल हुनुपर्ने छ । त्यस्तो न्यूनतम शैक्षिक योग्यता नभएकाको हकमा खाइपाई आएको ग्रेड थप गरिनेछ ।

(६) उपदफा (१) बमोजिम अधिकृतस्तरको पदमा कार्यरत कर्मचारीको शैक्षिक योग्यता कम्तिमा स्तानक तह उत्तीर्ण नभएमा कार्यरत पदमा समायोजन गरी खाइपाई आएको ग्रेडमा दुई थप गरिनेछ ।

(७) यस दफा बमोजिम स्थानीय सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरीनेछ ।

(८) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएका तलवमान र सुविधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधारमा समायोजन हुनुपूर्वको तलव तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

**४. समायोजन पत्र दिने :**

(१) यस ऐन बमोजिम समायोजन भएपश्चात स्थानीय सवाका कर्मचारीहरुलाई प्रमूख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१)बमोजिम दिइने पत्र अनुसुची-१ बमोजिमको हुनेछ ।

## परिच्छेद-३
## विविध

**५. पदस्थापन गरिने:** यस ऐन बमोजिम समायोजन भएपश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकन निर्धारण गरेबमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

७. पुल दरबन्दी सम्बन्धी व्यवस्था : दफा ३ बमोजिम समायोजन भएका स्थानिय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वत : पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपुर्व यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

**८. जेष्ठताको गणना :**

(१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) जेष्ठताको गणना हाल समायोजन भएको पदको हकमा समेत लागु हुने छ ।

**९. आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यन्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## अनुसूची १
## दफा ४ को उपदफा (२) सँग सम्बन्धित
## समायोजन पत्र

मिति :.........................

श्री :....................................

कर्मचारी संकेत नम्बर

**विषय : समायोजन गरिएको सम्बन्धमा ।**

मुगुम कार्मारोङ्ग गाउँपालिका कर्मचारी समायोजन ऐन, २०७८ मा भएको व्यवस्था बमोजिम तपाईलाई हाल कार्यरत तहमा काम गरेको अवधिलाई समायोजन पश्चातको तहमा जेष्ठता गणना हुने गरी मुगुम कार्मारोङ्ग गाउँपालिकाको तपसित बमोजिमको पद तथा तहमा समायोजन गरी पदस्थापन गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| **कार्यरत पदको विवरण** | **हाल समायोजन भएको विवरण** |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |

**प्रमुख प्रशासकिय अधिकृत**

**बोर्धाथ :**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदका कार्यलय, कर्णाली प्रदेश, सुर्खेत ।

श्री जिल्ला समन्वय समितिको कार्यालय गमगढी मुगु ।

श्री कर्मचारी संचय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा, मुगुम कार्मारोङ्ग गाउँपालिका पुलु, मुगु

**आज्ञाले**
**शुवास चन्द्र रावल**
**प्रमुख प्रशासकिय अधिकृत**